## आमचोक गाउँपालिका, बालंखा, भोजपुर

# स्थानीय राजपत्र

## आमचोक गाउँपालिकाद्वारा प्रकाशित

खण्डः १०　　संख्याः ३　　भागः १

गाउँ सभाबाट स्वीकृत मितिः २०८३।०३।२७

## भाग-१

## आमचोक गाउँपालिका

# आमचोक गाउँपालिकाको विनियोजन ऐन,२०८३

## आमचोक गाउँपालिकाको विनियोजन ऐन, २०८३

**प्रस्तावना:** आमचोक गाउँपालिकाको आर्थिक बर्ष २०८३/०८४ को सेवा र कार्यहरुको लागि सञ्चितकोषबाट रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम आमचोक गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ ।

**१.संक्षिप्त नाम र प्रारम्भ:**

(१) यस ऐनको नाम "आमचोक गाउँपालिकाको विनियोजन ऐन, २०८३" रहेको छ ।

(२) यो ऐन २०८३ श्रावण १ गतेदेखी प्रारम्भ हुनेछ ।

**२. आर्थिक वर्ष २०८३/८४ को निमित्त सञ्चितकोषवाट रकम खर्च गर्ने अधिकार :** (१)आर्थिक वर्ष २०८३।०८४को निमित्त गाउँकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम **रु. ४९,९२,५४,६२६/(उनन्पचास करोड वयानब्बे लाख चौवन्न हजार छ सय छव्विस रुपैया मात्र)** मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि वित्तीय हस्तान्तरणबाट संचित कोषमा प्राप्त हुने अनुदानमा थप वा घट भई वा यस ऐन बमोजिम कार्यक्रम संशोधन भई वार्षिक बजेट रकम थप वा घट हुन गएमा सोही बमोजिमको रकम संचित कोषबाट खर्च गर्न बाधा पर्ने छैन।

**३. विनियोजन** (१) **:**यो ऐनद्वारा सञ्चितकोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८३।०८४ को निमित्त आमचोक गाउँपालिका, भोजपुरको गाउँकार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा(१) मा जुनसुकै कुरा लेखिएको भएतापनि गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालय र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनै खर्च शीर्षकमा बचत हुने र कुनै शीर्षकमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने खर्च शीर्षकमा रकम सार्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम रकम सार्दा अपुग हुने शीर्षकमा विनियोजन भएको रकमको २५ ( पच्चिस) प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एकभन्दा बढी खर्च शीर्षकबाट अर्को एक वा एकभन्दा बढी खर्च शीर्षकमा रकम सार्न तथा निकासा र खर्च जनाउन र चालु तथा पूँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक श्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ। तर,

(क) पूँजीगत खर्च शीर्षकबाट चालू खर्च शीर्षकमा रकम सार्न सकिने छैन।

(ख) चालु खर्चबाट पूँजीगत खर्च गर्न तथा पूँजीगत खर्च व्यहोर्न एक शीर्षकबाट अर्को शीर्षकमा रकम सार्न सकिनेछ।

(४) उपदफा (३) बमोजिम एक शीर्षकबाट स्वीकृत रकमको पच्चिस प्रतिशतभन्दा बढी रकम अर्को कुनै शीर्षकमा सार्नुपर्ने भएमा गाउँ सभाको स्वीकृति लिनुपर्नेछ।

**४. अख्तियारी सम्बन्धी व्यवस्था:** (१) यस ऐन बमोजिम विनियोजन भएको रकम खर्च गर्न यो ऐन स्वीकृत भएको मितिले सात दिनभित्र गाउँपालिका अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतलाई रकम खर्च गर्ने अख्तियारी प्रदान गर्नु पर्नेछ।

(२) प्रमुख प्रशासकीय अधिकृतले उपदफा (१) बमोजिम अख्तियारी प्राप्त गरेको मितिले प्रन्ध्र दिनभित्र विषयगत शाखा प्रमुख वा वडा सचिवलाई रकम खर्च गर्ने अख्तियारी प्रदान गर्नसक्नेछ।

**५. कार्यविधि तथा मापदण्ड बनाउन सक्ने :** (१) यस ऐनबमोजिम आमचोक गाउँपालिकाले कुनै निकायबाट कार्यान्वयन हुने गरी विनियोजन भएको योजना वा कार्यक्रम कार्यान्वयन गर्नका लागि गाउँ कार्यपालिकाले कार्यक्रम कार्यान्वयन निर्देशिका स्वीकृत गरी लागू गर्न सक्नेछ।

**६. बाधा अड्काउ फुकाउ:** यो ऐनको कार्यान्वयनका क्रममा कुनै बाधा उत्पन्न भएमा गाउँ कार्यपालिकाले त्यस्तो बाधा अडकाउ फुकाउन सक्नेछ।

**अनुसुचि-१**

(दफा २ संग सम्वन्धित)

नेपालको संविधानको धारा २२९ वमोजिम (२)

सञ्चित कोषबाट विनियोजन हुने रकम

| **क्र.सं.** | **अनुदान** | **शिर्षकको नाम** | **चालु खर्च** | **पूजिगत खर्च** | **वित्तिय** | **जम्मा** |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | गाउँकार्यपालिका | **२९,८७,३५,६२६/** | **२०,०५,१९,०००/** | ० | **४९,९२,५४,६२६/** |
| २ | | वडा समिति | | | | |
| ३ | | बिषयगत शाखा | | | | |
| ४ | | ऋणको साँवा व्याज | | | | |
| ५ | | लगानी/शेयर/ऋण | | | | |

**आज्ञाले**

**जनक बस्नेत**

**प्रमुख प्रशासकीय अधिकृत**